लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान २०८१ को सन्दर्भमा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम

# प्रेस विज्ञप्ती

(तत्काल प्रकाशन, प्रसारणका लागि)

**मंसिर २०, सुर्खेत।** कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय, यूरोपेली संघ र संयुक्त राष्ट्र संघको संयुक्त आयोजनामा "लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्य केन्द्रित बहु-सरोकारवाला संवाद कार्यक्रम" समपन्न भएको छ।

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा "सशक्त महिला, समृद्ध नेपाल (EWPN)" अन्तर्गत आज आयोजना गरिएको संवाद कार्यक्रममा कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री घनश्याम भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि माननीय मन्त्रीज्युले लैङ्गिक हिंसा रोकथाम गर्न सबैको सहकार्य महत्वपूर्ण रहेकोमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "आर्थिक सशिक्तकरणले समानता ल्याउने भएकोले हामीले सिपविकास, रोजगारी सिर्जना र प्रविधिको प्रयोगमा ध्यान दिनुपर्छ ।"

सरकारी प्रतिनिधि, सामाजिक अगुवा, संस्थागत नेतृत्व, र अन्य सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागितामा संचालन भएको कार्यक्रममा सामाजिक विकास मन्त्रालयका सचिव दीर्घ बहादुर पोख्रेलको अध्यक्षतामा सञ्चालन भएको थियो । नेपालका लागि यूरोपेली संघका राजदुत महामहिम भेरोनिक लोरेन्जो कार्यक्रमको विशिष्ट अतिथीको रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा बोल्दै उहाले, "केहि दशक अघि युरोपमा पनि लैङ्गिक हिंसाको यस्तै अवस्था थियो जस्तो नेपालमा अहिले छ । आर्थिक स्वतन्त्रता र सशक्तिकरणले नै त्यहा लैङ्गिक हिंसाका घटना कम हुदै गएका हुन । नेपालमा पनि पछिल्लो समय कामको सिलसिलामा पुरूषहरूको बसाइसराइका कारण महिलाहरूले नै घर धानि रहेका छन् उहाँहरूलाइ अझै सशक्त बनाउने हो भने सकारात्मक परिवर्तन हुन्छ भन्नेमा म आशावादी छु ।"

नेपाल सरकार, युरोपेली संघ (EU) र संयुक्त राष्ट्र संघ (UN) को सहकार्यमा सञ्चालित संयुक्त कार्यक्रम "सशक्त महिला, समृद्ध नेपाल (EWPN)" द्वारा संचालित यो कार्यकममा संयुक्त राष्ट्र संघलाई प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का राष्ट्रिय प्रतिनिघि नुमन ओज्कानले पनि मन्तव्य राख्नु भएको थियो ।

"महिलाको आर्थिक सशक्तिकरण, केयर अर्थतन्त्रमा महिला पुरूषको समान भूमिका र सकारात्मक पुरुषत्वलाइ प्रोत्साहन गर्ने हो भने लैङ्गिक हिंसा रोकथाम गर्न अवश्य सकिन्छ ।", उहाँले भन्नुभयो ।

कर्णाली प्रदेशमा लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यका लागि हालसम्म गरिएका प्रयासहरूको समीक्षा र चुनौतीहरूमा केन्द्रित रहेको कार्यक्रमले प्यानल छलफल मार्फत आगामी दिनमा यसका लागि प्रभावकारी रणनीतिहरू विकासमा जोड दिएको थियो । विरेन्द्रनगर नगरपालिकाका मेयर सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख लगायत सेवा प्रदायक, नागरिक समाज र निजि क्षेत्रका प्रतिनिघी सहित संचालन भएको प्यानल छलफलले कर्णाली प्रदेशमा लैंगिक हिंसा न्यूनिकरणका लागि सबै सरोकारवालाहरुको संयुक्त प्रयासमा जोड दिएको थियो ।

कार्यक्रममा कर्णाली प्रदेशका एकजना लैङ्गिकहिंसा प्रभावितले आफ्नो अनुभव मार्फत हिंसा न्यूनिकरणका चुनौतीहरु माथि प्रकाश पार्नु भएको थियो भने प्रादेशिक बाल क्लब सञ्जालका सचिव किशन सोडारीले हिंसा न्यूनिकरणमा पुरुष तथा किशोरको महत्वपुर्ण भूमिकाको बारेमा जानकारी गर्नुभएको थियो ।

यस कार्यक्रमले प्रभावित -केन्द्रित र बाल संवेदनशील बहु- पक्षीय सेवाहरूलाई थप सुदृढ बनाउने र स्याहार कार्यको भूमिकालाई मान्यता दिने नीतिहरूको वकालतमा पनि ध्यानाकर्षण गरेको थियो । छलफलमा सहभागीहरूले यो कार्यलाई प्रभावकारी बनाउनको निम्ति एकिकृत ढंगबाट अगाडी बढ्नुपर्ने कुरामा जोड दिनुभएको थियो। ।

सशक्त महिला, समृद्ध नेपाल कार्यक्रमबारे

नेपाल सरकार, युरोपेली संघ, र संयुक्त राष्ट्र संघको संयुक्त अभियानको रूपमा सञ्चालित सशक्त महिला, समृद्ध नेपाल (EWPN) कार्यक्रम, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ), युएनएफपीए नेपाल, युनिसेफ नेपाल र यूएन विमेनको सहकार्यमा संयुक्त राष्ट्रसंघीय आवासीय संयोजकको कार्यालय मार्फत सञ्चालित कार्यक्रम हो । यस कार्यक्रमले  हानिकारक सामाजिक मूल्यमान्यता र परम्परागत सोचलाई चुनौती दिने, महिलाको राजनीतिक सहभागितालाई प्रोत्साहन गर्ने, र सबैका लागि सुरक्षित र समान समाजको निर्माण गर्ने कार्यमा विशेष ध्यान केन्द्रित गरेको छ। नेपालको मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशमा संचालन भइरहेको कार्यक्रमले नेपालमा लैङ्गिक समानता, महिला सशक्तिकरण, र समावेशी आर्थिक विकासलाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ।

**सम्पर्क**


- स्मृति कमर, संचार अधिकृत, सशक्त महिला, समृद्ध नेपाल कार्यक्रम
  संयुक्त राष्ट्र संघ आवासीय संयोजकको कार्यालय, ९८४९४५१६३२,
  इमेलः skamar@unicef.org

- निष्ठा रायमाझी, संचार अधिकृत, अन्तर्राष्ट्रिय श्रम संगठन

- संघर्ष पन्त, संचार अधिकृत, यूएन विमेन फाेन नम्बरः ९८४६२४१९१ । इमेलः sangharsha.panta@unwomen.org